# स्थानिय राजपत्र

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

भागः २ खण्डः ४ सख्याः ३

प्रथम संशोधन मितिः २०८२/०३/०६

## सिरानचोक गाउँपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधि–२०८०

सिरानचोक गाउँपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधि–२०८०

सिरानचोक गाउँपालिका स्थानिय राजपत्र

## प्रस्तावना

सिरानचोक गाउँपालिका क्षेत्रभित्र रहेका बाह्रैमास चल्ने सडक तथा अन्य सडकहरूको मर्मत सम्भार गरी दीगो रुपमा यातायात सञ्चालन गरी सवारी आवागमनलाई सुचारु राख्ने कार्यलाई व्यवस्थित, मर्यादित र नियमसंगत बनाउँन वान्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०८२/०३/०६ गतेको बैठकले यो कार्यविधि संशोधनसहित पारित गरी जारी गरेको छ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम सिरानचोक गाउँपालिकाको "सडक हेरालु व्यवस्थापन कार्यविधि" रहेको छ।

(२) यो ऐनको विस्तार गाउँपालिका भर हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. **"अध्यक्ष"** भन्नाले सिरानचोक गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. **"उपाध्यक्ष"** भन्नाले सिरानचोक गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ग. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिरानचोक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

घ. **"हेरालु"** भन्नाले सिरानचोक गाउँपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका कर्मचारी सम्झनु पर्दछ ।

ङ. **"छनौट समिति"** भन्नाले सडक हेरालु छनौट समिति सम्झनु पर्दछ ।

च. **"सडक"** भन्नाले सिरानचोक गाउँपालिका अन्तर्गतका वडा स्थित विभिन्न सडकहरू सम्झनु पर्दछ ।

छ. **"पोशाक"** भन्नाले हेरालुले लगाउने निश्चित प्रकारको पोशाक सम्झनु पर्दछ ।

ज. **"औजार"** भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ ।

झ. **"अनुगमन समिति"** भन्नाले सडक हेरालुद्वारा मर्मत सम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ ।

**३. <u>कार्यक्षेत्रः</u>**

(१) सडक हेरालुहरुको कार्यक्षत्र निम्न बमोजिम हुनेछः

(क) हेरालुहरूको कार्यक्षेत्र यस सिरानचोक गाउँपालिका अन्तर्गत रहेका वडाले तोकिएका सडक क्षेत्रहरू हुनेछ ।

(ख) गाउँपालिका तथा वडाले तोकिएको सडकमा हेरालु खटाउँन सकिनेछ ।

सिरानचोक गाउँपालिका स्थानीय राजपत्र

(२) सडक हेरालु खटाउँदा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सम्बन्धित वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित वडाको प्राविधिकले समन्वय गरी आवश्यकता अनुसार खटाउन सक्नेछ । तर RMG (Road Maintenance Group) बाट तोकिएको गाउँपालिका क्षेत्र भित्रको सडकहरूको हकमा सोही बमोजिम हुनेछ । तोकिएका सडकहरूमा हेरालु तोक्दा यसै कार्यविधि बमोजिम हुनेछ ।

**४. <u>कार्य प्रकृतिः</u>**

(१) सडक हेरालुहरूको कार्य प्रकृति देहाय बमोजिम हुनेछः

(क) सडक मर्मत सम्बन्धी कार्यहरू।

(ख) सडकमा पर्ने खाल्डा हरू पुर्ने, र सुख्खा ढुंगा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य।

(ग) सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरु पुर्ने, कटान मर्मत गर्ने।

(घ) सडकको साना साना पहिरो र ढुंगा हटाउने, पानीले खोलेको प्वाल टाल्ने कार्य।

(ङ) नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुलेसा मर्मत, कजवे मर्मत र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने, तथा नाली नभएको स्थानमा पानी निकासाको लागि अस्थायी नाली बनाउने।

(च) सडक सरसफाइ गर्ने तर ठूला प्रकृतिका रुखहरू, घाँसका बिरुवाहरू लगायत अन्य काममा आउने बोट बिरुवाहरू काट्नुपर्दा सम्बन्धित रुख धनी वा वडा अध्यक्ष तथा वडा सदस्यहरूसँग समन्वय गर्नुपर्नेछ।

(छ) सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशिघ्र सो जमेको पानी निकास गर्ने।

(ज) सडक दायाँ वायाँ वृक्षरोपण गर्ने।

(झ) सडकमा देखिएको गम्भीर समस्या (जस्तैः भासिने, पुलको क्षति, पहिरो आदि) को रिपोर्ट सम्बन्धित प्राविधिक/वडामा दिनु पर्नेछ।

(ञ) आवश्यकता अनुसार वडा अध्यक्ष, सम्बन्धित प्राविधिकले लगाएको अन्य कार्य गर्ने ।

**५. <u>हेरालु छनौट समिति</u>**

(१) हेरालु छनौटका लागि देहाय बमोजिम ५ सदस्यीय एक छनौट समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) योजना शाखा प्रमुख/प्रतिनिधि – सदस्य

(ग) प्रशासन शाखा प्रमुख/प्रतिनिधि – सदस्य

(घ) सडक रहेको वडाको वडा अध्यक्ष – सदस्य

(ङ) भौतिक पूर्वाधार विकास शाखा प्रमुख – सदस्य सचिव

**६. <u>छनौट प्रक्रिया र योग्यताः</u>** (१) सडकको मर्मत सम्भार गर्ने सडक हेरालु छनौट प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) सडक हेरालुका लागि उपयुक्त उमेद्वारको छनौट गर्न गाउँपालिकाले विज्ञापन खुलाउनु पर्नेछ।

(ख) तोकिएको समयमा रितपुर्वक पेश भएको दरखास्तहरू दर्ता गरी सम्पर्क मिति तोकिने छ।

(ग) तोकिएको मितिमा अन्तरवार्ताको माध्यमबाट छनौट गरिनेछ ।

(२) हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधिभित्र रही गर्नुपर्ने छ ।

(क) सम्बन्धित सडक नजिक रहेको।

(ख) उमेर १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको।

(ग) आर्थिक अवस्था कमजोर रहेको।

(घ) काम प्रतिको जिम्मेवारी जावफदेहीता वहन गर्ने।

(ङ) स्वास्थ्य बिमा अनिवार्य गरेको हुनुपर्ने ।

(च) सिरानचोक गाउँपालिकामा बेरोजगार सूचिमा सूचिकृत व्याक्तिहरुलाई प्रथामिकता दिईनेछ।

(छ) अनुभवी तथा सडक सम्बन्धी काम गर्न जानेको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

(३) छनौट समितिबाट सिफारिश भएका हेरालु उमेद्वारहरूलाई करार सम्झौता तथा नियुक्ति गाउँ कार्यपालिकाको कार्यालयले अनुसूची -१ बमोजिमको ढाँचामा दिनेछ।सिफारिस भएको उमेद्वारहरूको करार सम्झौता २ महिना सम्मका लागि मात्र हुनेछ।२ महिना पछि निजको काम सन्तोषजनक देखिएमा, कार्यक्रम रहने अवस्था भएमा अनुगमन समितिको सिफारिसमा छनौट समितिले पुन म्याद थप गर्ने निर्णय गरी पठाएमा तोकिएको समयसम्मका लागि पुनः म्याद थप गर्न सकिनेछ ।

(४) संक्षिप्त सूची बनाउनेः (१) कार्यालयको आवश्यकता अनुसार संक्षिप्त सूचीमा सूचीकृत व्यक्तिहरुलाई निश्चित अवधिसम्मको सम्झौता गरि काममा लगाउन सकिनेछ।

(२) एकपटक सम्झौता गरी काम गरेमा व्यक्तिहरु संक्षिप्त सूचिमा स्वतःकायम हुनेछन र त्यसमा व्यक्तिहरुलाई कार्यालयको आवश्यकता अनुसार पुन सम्झौता गरी काममा लगाउन सकिनेछ।

## ७. <u>हेरालुको दैनिक कार्य समय</u>

(१) हेरालुको कार्य समय दिनमा ८ घण्टा तोकिएको सडकमा मर्मत सम्भार गर्नुपर्नेछ ।

तर भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमन ठप्प भएको वा हुन सक्ने अवस्थामा हेरालुबाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्नेछ ।

## ८. सेवा सुविधाः

(क) सडक हेरालुको पारिश्रमिक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोकेको दररेट अुनसार दैनिक रू. ७५४ (सात सय चउन्न रुपैँया) हुनेछ ।

(ख) हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार गाउँपालिका सम्वन्धित वडा कार्यालय मार्फत उपलव्ध गराउने छ ।

(ग) सम्बन्धित वडाबाट प्रमाणित हाजिरी र सिफारिसको आधारमा मात्र महिना भुक्तान भएपछि वा म्याद सम्पन्न भएपछि सेवा उपलब्ध गराईने छ।

(घ) विशिष्ट अवस्था जस्तै अत्यावश्यक बेलामा राति काम गर्नुपरेमा दैनिक ज्याला बराबरको रकम अतिरिक्त भत्ताको रुपमा दिईने छ।

९. **<u>अनुगमन समिति</u>**

(१) हेरालुहरूको सडक मर्मत कार्य प्रभावकारी बनाउन तथा सडकको स्थिति बारे जानकारी लिन र सुझाव सल्लाह प्रदान गर्न देहाय बमोजिमको ३ सदस्यीय अनुगमन समिति रहनेछ ।

(क) पूर्वाधार समिति संयोजक – संयोजक

(ख) सम्बन्धित वडाका अध्यक्ष – सदस्य

(ग) सम्बन्धित वडा हेर्ने प्राविधिक – सदस्य

९) **<u>विविध</u>**

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

## अनुसूची -१

## दफा (६) को उपदफा (३) सँग सम्बन्धित करार सम्झौताको ढाँचा

## करार सम्झौता

सिरानचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र गोरखा जिल्ला, सिरानचोक गाउँपालिका वडा नं. ..... बस्ने श्री ................................(त्यसपछि दोस्रो पक्ष भनिएको) का बीच सिरानचोक गाउँपालिकाको सडक हेरालु को कामकाज गर्न गराउन मिति ................. को निर्णय अनुसार देहायका कार्य/ शर्तको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकोले यो करारको संझौता गरी एक/एक आपसमा बुझि लियौँ दियौः

१. कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण सिरानचोक गाउँपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधिले तोके अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकता अनुसार थप काम गर्नु पर्नेछ।
२. काम गर्नु पर्ने स्थानः- सिरानचोक गाउँपालिका क्षेत्र भत्र।
३. करारमा काम गरे बापत पाँउने पारिश्रमिकः प्रत्येक काम गरेको दिनको दैनिक हाजिरिको आधारमा अदक्ष्य कामदारको ज्याला दरले दोस्रो पक्षलाई दैनिक रू ........हिसाब गरी पारिश्रमिक उपलब्ध गराउनेछ।
४. आचरण पालनाः दोस्रो पक्षले सिरानचोक गाउँपालिकाको प्रचलित कानून व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्था पालना गर्नुपर्नेछ।
५. सम्झौता अवधिः यो सम्झौता मिति .................. देखि लागु भई मिति ...................... सम्मको लागि हुनेछ।दोस्रो पक्षको कार्यक्षमता, कार्यालयको आवश्यक्ता अनुसार प्रत्यक पटक थप २ महिनाको लागी सम्झौताको म्याद थप गर्न सकिनेछ।

सिरानचोक गाउँपालिका स्थानीय राजपत्र

६. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोस्रो पक्षले पहलो पक्षलाई लगातार ७ दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न बाधा पर्ने छैन। दोस्रो पक्षले शारिरीक रुपमा अस्वस्था भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरू बराबर उल्लघंन गरेमा दोस्रो पक्षसँगको संझौता प्रथम पक्षले चाहेको कुनैपनि बेलामा रद्ध गर्न सक्नेछ।
७. दावी नपुग्नेः दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै कारण पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाँउने छैन् /गर्ने छैन।
८. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रथम पक्षले निर्णय गरे बमोजिम हुनेछ।

| **गाउँपालिकाको तर्फबाटः** | **दोस्रो पक्ष (करार गर्ने व्यक्ति)** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | ठेगानाः |

सिरानचोक गाउँपालिका गोरखा